# नेपाल गजेट


## नेपाल सरकारद्धारा प्रकाशित

खण्ड १ ] काठमाडौं श्रावण २२ गते ०८ साल [ संख्या १


बखत बखतमा प्रकाश हुने गजेटमा छापिने विषयहरू देहायको क्रमले रहनेछन् । तर यसमा हप्ता हप्तामा जुन जुन विषय प्रकाशित हुने ठहर्दछन, तिनै तिनै विषयहरू छापिनेछन् ।

भाग १ ( क ) सरकारी घोषणा, इश्तिहार इत्यादि ।

( ख ) खारेजी र नयाँ ऐन, सार्वभौम सवाल, सनद इत्यादि ।

( ग ) सरकारद्धारा नियोजित कुनै कमेटी वा कमिशनको रिपोर्ट इत्यादि ।

( घ ) नयाँ भर्ना, सरुवा, बढुवा, इत्यादि ।

( ङ ) कायममुकायम तैनाथी इत्यादि ।

( च ) न्यायालयको विज्ञप्ति इत्यादि ।

( छ ) जेल, पुलिस आदिको विज्ञप्ति इत्यादि ।

( ज ) साधारण सूचना, उर्दी इत्यादि ।

( झ ) जन्म मरणको संख्या ।

( ञ ) हल्लाको खण्डन ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

( ड ) अफिसरहरुको बिदा ।
( ठ ) श्री ५ र मन्त्रीहरुको यात्रा, शुभेच्छा मण्डल आदिको कार्यक्रम ।

भाग २ ( क ) अर्थविभागसम्बन्धी विज्ञप्ति ।
( ख ) सरकारी ब्याङ्क, मुलुकीखाना, कौसी आदिको प्रकाशित, प्रचलित, मुद्रा, नोट र तत्सम्बन्धी सूचनासमेत ।

भाग ३ ( क ) उद्योग वाणिज्यसम्बन्धी सरकारी विज्ञापन इत्यादि ।
( ख ) नियन्त्रित बजार भाउ, मुद्राविनिमय इत्यादि ।

भाग ४ ( क ) खाद्य कृषिसम्बन्धी सूचना इत्यादि ।
( ख ) याम, हावा, पानी र बालीनालीको सूचना इत्यादि ।

भाग ५ ( क ) शिक्षासम्बन्धी सूचना ।
( ख ) शिक्षाविभागको परीक्षाफल ।

भाग ६ ( क ) स्वायत्त शासनसम्बन्धी प्रबन्ध, सूचना इत्यादि ।
( ख ) नगरपञ्चायत ।
( ग ) ग्रामपञ्चायत ।

भाग ७ ( क ) स्वास्थ्यसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।
( ख ) रोगग्रस्त भई मर्नेको संख्या ।

भाग ८ बनविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग ९ परराष्ट्रविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग १० रक्षाविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग ११ यातायातविभागसम्बन्धी प्रबन्ध सूचना इत्यादि ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सं. ४ (प्र) १।०८।७

# भाग १

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावलीविराजमानमानोन्नत ओजस्वीराजन्य, प्रोज्ज्वल नेपालतारा ॐरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट, अति प्रबल गोरखादक्षिणबाहु, महाधिपति सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवनवीरविक्रम जङ्गबहादुर शाहबहादुर समशेर जङ्गदेवानाम् सदासमरविजयीनाम् ।

नेपालराज्यभित्रका सबै सरकारी अड्डाहरू र नेपालका सारा नागरिकहरूके - अब उपान्त एउटा प्रजातन्त्र देशमा हुनुपर्ने जस्तै गजेट नेपालसरकारबाट पनि प्रकाशित गरिएको छ। आवश्यक परेका बखत समय समयमा निस्कनेछ । यसरी समय समयमा छापिएका गजटका सरकारी सूचनाहरुलाई सरकारी आदेश संझी प्रत्येक सरकारी अड्डाले र सारा नेपाली नागरिकहरूले त्यसअनुसार गर्नुपर्दछ । सरोकारवाला सरकारी अड्डाहरुलाई कुनै बेग्लै आदेश आफ्ना संबन्धित मन्त्र्यालयहरूबाट नगएता पनि गजेटमा छापिएबमोजिम कार्रबाई गर्दा कुनै किसिमको बात लाग्ने छैन; बरु गजेटमा छापिएअनुसार नचलेमा बात लाग्छ । अब उपान्तलाई सबै सरकारी घोषणा, इश्तिहार, सूचना, खारेजी र नयाँ ऐन, सवाल, सनद, भर्ना, सरुवा, बढुवा, सरकारी बिज्ञापन, अफिसरहरूको बिदा, र विद्यार्थीहरूको परीक्षाफल इत्यादि सबै गजटमा नै छापिनेछन् । यस्ता कुराहरूलाई संबन्धित सरकारी अड्डाहरूले पनि सकेसम्म चाँडै गजटका इञ्चार्ज अफिसरकहाँ प्रकाशनार्थ पठाउनुपर्छ ।

इति संवत् २००८ साल आषाढ २१ गते रोज २ शुभम्

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल सार्वजनिक सुरक्षा ऐन २००७

नजरबन्द राख्ने, सभा, जुलुस, शिविर ( क्याम्प ) कवायद, परेड र अरू कुरा नियन्त्रण गर्ने ऐन.

सार्बजनिक सुरक्षा, स्थिति र राष्ट्को सुरक्षाको निमित्त नजरबन्द राख्ने र सभा, जुलुस, शिविर ( क्याम्प ) कवायद, परेड् र अरू यस्तै कुरा को नियन्त्रण गर्नलाई प्रबन्ध गर्न जरूरी भएकोले श्री ५ महाराजाधिराजबाट मौसुफको मन्त्रिमण्डलको सल्लाहअनुसार देहायको ऐन जारी गरिबक्सेकोछ ।

१ (क) यो ऐनको नाम, नेपाल सार्वजनिक सुरक्षा ऐन २००७,, भन्ने रहेकोछ।

(ख) यो ऐन नेपाल भरमुलुकमा लागू हुनेछ ।

(ग) ऐन २००७ साल चैत्र २९ गते रोज ४ देखि चालू हुनेछ ।

२ (१) सरकारले कुनै मानिसको सम्बन्धमा उसलाई राष्ट्को सुरक्षालाई वा सार्वजनिक स्थिति कायम राख्ने काममा वा समुदायलाई आवश्यक माल सामान ल्याउने लैजाने वा कार्य चलाउने काममा कुनै तरहले विरोध पर्नजाने कुनै कामबाट रोक्न जरूरी सम्झे देहायबमोजिमको आज्ञा निकाल्न सक्दछ ।

(क) त्यस्ता मानिसलाई नजरबन्द राख्नू भनी ।

(ख) निजलाई आज्ञाबाट तोकेको नेपालको कुनै ठाम वा इलाकामा सो आज्ञाले वा त्यसैमा लेखिएका अधिकारी वा व्यक्तिले अनुमति दिएमा बाहेक नबस्नू भनी ।

(ग) निजलाई आज्ञामा तोकेको नेपालको कुनै ठाम वा इलाकभित्र बस्नू भनी र निज सो ठाउँ वा इलाकामा नभए आज्ञामा तोकेका समयभित्र सो ठाम वा इलाकामा जानू भनी ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) खबर वा राय प्रचार गर्नेबारे आज्ञामा तोकिएबमोजिम नियन्त्रण राख्नू भनी

(ङ) आज्ञामा तोकिएबमोजिमको चालमा चल्न नियमित गर्नू भनी ।

(२) यही नम्बरको उपदफा (१) को देहायको (ख) (ग) (घ) वा (ङ) मुताबिक निकालिएको आज्ञाले जसको सम्बन्धमा सो आज्ञा निकालिएको हो उसलाई आज्ञामा तोकिएको प्रतिबन्ध वा शर्तमुताबिक काम गर्दछु भनी जमानतसाथ वा विनाजमानत पनि कबुलियत गराउनु पर्ने गराउन सक्तछ ।

(३) यही नम्बरको (२) दफामुताबिक कसैले कबुलियत वा जमानत नदिए वा यस दफाअनुसार निकालिएको कुनै आज्ञाको वर्खिलाप गरेमा बढीमा १ वर्षसम्म कैद वा जरिवाना वा दुवै हुनेछ । सोही दफामुताबिक कबुलियत गरेको वा जमानत राखेकोमा र सो दफामुताबिक निकालेको कुनै आज्ञाको वर्खिलाप गरे राखेको जमानत जफत हुनेछ।

३ नम्बर २ अनुसार सरकारले निकालेको आज्ञा पहिला पटकलाई ६ मैन्हामा नबढाई तोकिएको समयसम्म वा समय नतोकेको भए जसको नाममा निकालेको हो निजलाई दिएको मितिदेखि ६ मैन्हासम्म लागू हुनेछ । सरकारले नजरबन्द राख्ने समय बखत बखतमा बढाउन सक्नेछ तर कसैलाई पनि एक पटकमा ६ मैन्हाभन्दा बढ्ता थप र लगातार जम्मा १ वर्ष भन्दा बढी नजरबन्द गर्न सक्ने छैन ।

४ कुनै व्यक्तिलाई नजरबन्द राख्न निकालिएको आज्ञा लागू भएसम्म सरकारले मौका मौकामा निकालेको साधारण वा खास आज्ञामा तोकेअनुसार निजलाई कुनै ठाम वा अवस्थामा राख्न र एक ठामबाट अर्को ठाउँमा सार्न निजउपर अनुशासन राख्नु र अनुशासन भङ्ग गरेमा सजाय गर्न हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५ (क) कसैलाई नजरबन्द राख्ने आज्ञामुताबिक नजरबन्द राखेमा सरकारले त्यस्तो आज्ञा निकाल्न परेको कारण खोली सकभर चाँडो निजलाई सूचना दिनेछ र सो आज्ञाबारे निजको केही निवेदन छ भने सो पेश गर्न भरसक चाँडो मौका दिनेछ ।

(ख) कुनै कुरा प्रकाश गर्नाले सार्वजनिक हितको हानि हुने सरकारले देखेमा यही नम्बरको (क) दफाबमोजिम कार्बाई गर्दा सरकारलाई त्यस्तो कुरा प्रकाश गर्न कर लाग्ने छैन ।

६ (क) निवेदनपत्र आएमा सरकारले दुई व्यक्तिको सल्लाहकार समिति नियुक्त गर्नेछ, जसमध्ये एकजना ऐनकानुनी अनुभव भएको हुनेछ, जसले यस विषयको राम्रो तरले जाँच बुझ गरी सरकारलाई आफ्नो राय पेश गर्नेछ ।

(ख) सल्लाहकारसमितिको राय आएमा सरकारले मुनासिब ठहराएबमोजिमको आज्ञा निकाल्नेछ ।

(ग) नजरबन्द भएको दुइ महीनाभित्र सल्लाहकार समितिलाई उसको निवेदनपत्र र यस विषयका सबै कागजपत्रहरु पठाइदिनु पर्दछ, सल्लाहकार समितिले पनि नजरबन्द भएको तीन मैन्हाभित्र आफ्नो राय सरकारमा पेश गर्नुपर्दछ ।

७ (क) सरकारले कुनै बखत नजरबन्द रहेको व्यक्तिको निवेदनको विचार गरी वा त्यसै पनि नजरबन्द राख्न दिएकोआज्ञा खारेज वा हेरफेर गर्न सक्नेछ ।

(ख) एक पटकको नजरबन्द राख्ने आज्ञा खारेज भएपछि सोही व्यक्तिलाई नजरबन्द राख्न नम्बर २ अनुसार अर्को नयाँ आज्ञा निकाले हुनेछ ।

८ (क) सार्वजनिक सुरक्षा वा स्थिति कायम राख्न सरकारले साधारण वा विशेष आज्ञाद्वारा कुनै वर्गका मानिसहरु वा संस्थालाई मिटिङ् गर्न, सभागर्ने वा जुलुस निकाल्न मना गर्न सक्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कसैले यही नम्बरमुताबिक निकालेको आज्ञा बर्खिलाफ गरेमा त्यसलाई बढीमा १ वर्षसम्म कैद वा जरिवाना वा दुवै हुनेछ

९ (क) सार्वजनिक सुरक्षा वा स्थिति कायम राख्न कुनै वर्गका मानिसहरू वा संस्थालाई सरकारले आज्ञाद्वारा हतियार वा हतियारको काम लिन हुने केही कुरा ली वा नली शिविर राख्न, कवायद (क्याम्पिङ्ग) वा परेट गर्न मनाई गर्न वा केही शर्त लगाउन सक्दछ ।

(ख) कसैले यही नम्बरमुताबिक निकालेको कुनै आज्ञाको बर्खिलाप गरेमा बढीमा १ वर्षसम्म कैद वा जरिवाना वा दुवै हुनेछ।

१० यस ऐनले सरकारलाई दिएको कुनै अधिकार वा कर्तव्य आज्ञामा तोकिएको परिस्थिति र अवस्थामा आज्ञामा तोकिएको अफिसरले प्रयोग वा पालन गर्नु भनी सरकारले आज्ञा दिन सक्छ ।

११ (क) कुनै व्यक्तिले यो ऐन वा यसमुताबिक बनेका नियमहरुबमोजिम असल नियतले कुनै काम गरेको वा गर्न खोजेकोमा त्यसको विरुद्ध कुनै देवानी, फौजदारी वा अरु कुनै कानूनी कारवाई हुने छैन ।

(ख) यो ऐन वा यसबाट बनेका नियमहरुबमोजिम असल नियतले कुनै काम गरेको वा गर्न खोजेकोमा कुनै किसिमको हानि नोक्सानी भयो हुने सम्भावना भयो भने सरकारउपर हर्जाना भराई पाऊँ भन्ने कुनै मुद्दा वा कानूनी कारबाई हुनेछैन।

१२ यो ऐन वा यसबाट बनेका नियमहरुबमोजिम पाएको कुनै अख्तियारले दिएको आज्ञाउपर कुनै अदालतमा सवाल जवाफ गरिने छैन ।

१३ सरकारले यो ऐनको व्यवस्थालाई कायम राखी यो ऐनको उद्देश्य काममा लगाउनलाई नियमहरू बनाउन सक्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना :

१ नेपाल सार्वजनिक सुरक्षा ऐन २००७ को नं. १० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यस सूचनाद्वारा आदेश दिएको छ कि सरकारले सो ऐनको नं. २ ( १ ) ( ख ) बाट पाएको अख्तियार सबै बडाहाकिमले पनि प्रयोग गर्न पाउनेछन् ।

२ यसरी बडाहाकिमलाई दिइएको अख्तियारको प्रयोग गर्दा सो ऐनको नम्बर २ ( १ ) ३,४,५ मा सरकार भनेकोमा बडाहाकिम संम्झनू ।

३ बडाहाकिमले लेखिएको अख्तियारबमोजिम केही काम गरेमा तुरुन्तै सो कुराको सूचना गृहमन्त्यालय र लायमन्त्यालयमा पठाउनुपर्दछ र गृहमन्त्यालयले पनि सो ऐनको नंबर ६ वा ७ बमोजिम तुरुन्त कार्रबाई गर्नेछ ।

सिंहदरबार काठमाडौं. आज्ञाले.

२००८ साल आषाढ १३ गते

गृहसेक्रेटरी नेपाल

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# बडाहाकिमहरुको संकटकालीन अख्तियार ऐन २००८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध वीरुदावलीविराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबलगोरखादक्षिणबाहु महाधिपति सर्वोच्च कम्यान्डर इनचिफ श्रीमत् महाराजाधिराज श्री श्री श्री महाराजत्रिभुवन वीरविक्रम जङ्ग बहादुर शाहबहादुर शमशेर जङ्ग देवानाम् सदा समरविजयिनाम् ।

अराजकताको दमन गर्नालाई ६ मैन्हाको निमित्त बडाहाकिमहरुलाई संकटकालीन अख्तियार दिने ऐन ।

अराजकता दबाउनु र दुनियाँमा शान्ति व्यवस्थाको पूर्ण स्थापना गर्न र त्यससम्बन्धी अरू कामको निमित्त बडाहाकिमहरुलाई संकटकालीन अख्तियार दिनुपर्ने आवश्यक देखिएकोले .

श्री ५ महाराजाधिराजबाट मंत्रिमण्डलको सल्लाहअनुसार तल लेखिएबमोजिमको ऐन जारी गरिबक्सेको छ ।

१.(१) यो ऐनको नाम बडाहाकिमहरुको संकटकालीन अख्तियार ऐन २००८ साल भन्ने रहेको छ ।

(२) यो ऐन नेपाल भरमुलुकमा लागू हुनेछ । यो ऐन तुरुन्तै कार्यान्वित हुनेछ र ६ मैन्हाको अवधिलाई जारी रहनेछ ।

२.(१) कोही मानिसले शान्तिभङ्ग गर्ने अथवा डकैती गर्ने अथवा कुनै गम्भीर कसूर गर्ने लागेकोछ भन्ने कुराको बडाहाकिमलाई चित्त बुझेमा बडाहाकिमले ३ मैन्हामा नबढाई केही अवधिसम्म त्यस्ता मानिसलाई गिरफ्तार गरी थुन्न पाउँछन् । बडाहाकिमलाई चित्त बुझ्ने गरी जमानत पेश गरेमा त्यस्ता मानिसलाई छोडिदिनुपर्छ ।

(२) उपधारा १ बमोजिम पक्राउ भएका मानिसले आफूलाई थुनामा राखेको सम्बन्धमा सरकारछेउ उजूर गर्न पाउँछ तथा सरकारले आवश्यक ठहराएमा निजलाई शर्त राखी वा विनाशर्तमा मुक्त गर्न सक्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. यो ऐन जारी भएको मितिले ६ मैन्हासम्मलाई सरकारबाट सरकार-मातहतका अधिकारिवर्गले दिएको हातहतियारको लाइसेन्सबाट प्राप्त विशेषाधिकार जति पाएकोछ त्यसमध्ये लाइसेन्स पाउने मानिसको घरद्वारभित्र लाइसेन्स राख्न पाउने अधिकारबाहेक अरू अधिकारहरू स्थगित रहनेछन् ।

४. कुनै व्यक्तिले सार्वजनिक स्थानमा लाइसेन्स भएको वा बेगरलाइसेन्सको हातहतियार लिएर आएमा सो मानिस तुरुन्त पकाउ हुन सक्नेछ र दोषी साबित भएमा ६ मैन्हा कडा कैद वा रु १०००। हज्जार रुपैयाँसम्मको जरिवाना वा दुवै दण्डको भागी हुनेछ ।

५. सरकारबाट स्वीकृति प्राप्त फौजका सदस्यहरू नभै खुकुरीबाहेक अरू आक्रमणको काममा इस्तेमाल गर्न हुने हतियारसहित कुनै ४ वा ४ भन्दा बढी मानिसको दफालाई सशस्त्र दल भनिन्छ ।

६. सशस्त्र दलको सदस्य कुनै व्यक्ति दोषी सावित भएमा २ वर्षसम्मको कडा कैद वा रु १०००। हजार रुपैयाँसम्मको जरिवाना वा दुवै दण्डको भागी हुनेछ ।

७. बडाहाकिमले वा जिल्लाको जङ्गी फौज वा पुलिसले आवश्यक ठहराएमा बलको प्रयोगद्वारा पनि सशस्त्र दललाई तितरबितर गर्न सक्दछ ।

८. यो ऐनमा लेखिएका विषयहरू प्रचलित ऐनसँग बाझिएमा पनि यही ऐन लागू हुनेछ ।

इति संवत् २००८ साल आषाढ १७ गते रोज शुभम्

6

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## १० बडाहाकिमहरूको सङ्कटकालीन अख्तियार २००८ (अस्थायी) ऐनको स्पष्टीकरणसम्बन्धी इश्तिहार—

२।३ महीनादेखि हाम्रो मुलुकको कुनै कुनै भागमा शान्ति र व्यवस्थासम्बन्धी अवस्था बिलकुलै सन्तोषजनक नभएको सबैलाई थाहा नै छ । शान्ति र व्यवस्थापूर्णरूपले स्थापित नभै कुनै मुलुकमा पनि उन्नति हुन सक्दैन । यस कारण सरकारले अराजकता दमन गर्नालाई हुन सक्ने सबै उपाय गर्ने निर्णय गरेको छ यी उपायहरू खास गरी दुष्ट काममा लाग्ने र उपद्रवीहरूउपर प्रयोग गरिने छन् जसले शान्तिप्रिय र कानूनबमोजिम चल्ने विशाल जनसमूहको सहानुभूति वा समर्थन पाएका छैनन् भन्ने सरकारलाई विश्वास छ अराजकता फैलाउनेहरूउपर ती उपायहरू प्रयोग गर्दा सर्वसाधारण मानिसहरूलाई पनि केही दुःख वा असुविधा हुन जाने सम्भव छ । यो मुसिवतको परिस्थितिमा यस्तो नु अनिवार्य छ । केही अल्प समयको निमित्त यस्तो असुविधा हुन गए पनि अराजकताको जड उखाड्न र उक्त उपायहरूलाई कार्यान्वित गर्नमा जनताले सरकारलाई भित्र दिलैदेखिन्को पूर्ण सहयोग र सहायता दिनेछन् भन्ने सरकारले विश्वास गरेको छ ।

श्री ५ महाराजाधिराजबाट ६ महीनाको निमित्त बडाहाकिमहरूको संकट कालीन अख्तियार ऐन २००८ (अस्थायी) पास गरिबक्सेको छ । यो ऐनले अपराधी र कानूनभङ्ग गर्नेहरूउपर कडा कार्वाई गर्ने अख्तियार बडाहाकिमहरूलाई दिएको छ । ६ महीनाको निमित्त हातहतियारसम्बन्धी लाइसेन्सले दिएको अधिकार पनि स्थगित गरिएकोछ । यसकारण लाइसेन्स पाएका मानिसहरूले पनि हातहतियार ली हिंड्न हुँदैन । उपद्रवीहरूले गैरकानूनी कामको निमित्त हातहतियार ली हिड्ने गर्न नपाऊन् भन्ना निमित्त यो प्रबन्ध गरिएको हो । हातहतियार ली हिंड्ने मानिसहरू तुरून्तै पक्राउ हुनेछन् औ, सशस्त्र दलहरूलाई बलप्रयोग गरेर पनि तितरबितर गरिनेछ ।

आशा छ कि शान्ति र व्यवस्थाको परिस्थिति साविकबमोजिम चाँडै कायम हुनेछ भन्ने आशा गरिन्छ र उक्त संकट कालीन अख्तियार धेरै समयको निमित्त जारी राख्नु पर्ने आवश्यक रहने छैन ।

इति संवत् २००८ साल आषाढ १७ गते रोज १ शुभम्

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# खाने अन्न थुपारिराख्ने हटाउनलाई बनेको ऐन २००८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बीरुदावली-विराजमानमानोन्नतओजस्वी राजन्यप्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबलगोरखादक्षिणबाहु महाधिपति सर्वोच्च कम्यान्डर इनचीफ श्रीमन् महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवन वीरविक्रम जङ्गबहादुर शाह बहादुर शम्शेर जङ्गदेवानाम् सदा समरविजयिनाम् —

देशमा परेको अन्नको कमी हटाउन अन्न जम्मा गरी थुप्पाई राख्ने बन्द गर्न जरुरी देखिएकोले हामी श्री ५ महाराजाधिराजबाट आफ्नो मन्त्रिमण्डलको सल्लाहले यो कानून जारी गरिबक्सेको छ ।

१ (१) यो कानूनलाई नेपाल खाद्यान्नसंचयनिवारण ऐन २००८ भनिने छ ।

(२) यो ऐन तुरुन्तै लागू हुनेछ ।

२ जसले आफूसँग वा आफ्नो अधीनमा खाने अन्न निजी आवश्यकता, आफ्नो परिवारको आवश्यकता, आफ्नो व्यवसाय, पेशा र खेतीवाल भए बीउको दरकार इत्यादिलाई चाहिनेभन्दा बढ्ता राखेको भए अन्न थुप्पाई राखेको भनिनेछ ।

३. त्यस्ता व्यक्ति जो सरोकारवाला बडाहाकिमका रायमा अन्न थुप्पाई राखेका भनी ठहरिन्छ सांप्रदायिक परिपालनको निमित्त आवश्यकीय सामानप्रति प्रतिकूल काम गरेको भनी नेपाल जनसुरक्षाकानून दफा २ (१) (ख) बमोजिम थुनाईमा पर्नेछ ।

४. कसैले अन्न थुप्पाई राखेको हो भनी बडाहाकिमको चित्त बुझेमा उनको आदेशबमोजिम सो बढी अन्न खुला बजार भाउमा अथवा बडाहाकिमले किटिदिएका उचित भाउमा बडाहाकिमले तोकिएको मानिस अथवा मानिस हरुलाई बिक्री

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिदिनेछ । माथि लेखिएको कार्रवाई बडाहाकिमले नेपाल जनसुरक्षा कानूनको अतिरिक्त अथवा बदलामा लिनेछन् ।

५. अन्न थुप्पाई राखेको भनी मनासिब शंका लागेमा बडाहाकिमले उत्तरदायी मानिसद्वारा घरको खानतलासी लिन पाउने छन्, त्यस्तो तलासी लिंदा घरका मानिसहरुलाई नोटिश दिएर उनको इज्जत पर्दाको कदर राखी शिष्टता र भद्रतापूर्वक काम गर्नुपर्छ ।

६. दफा ५ बमोजिमको खानतलासी लिंदा कुनै मानिसले बाधा अथवा रोक टोक गरेमा ६ महीनासम्मको जेल सजाय अथवा रु. ५०० । सम्म जरिवाना अथवा दुवै सजाय पाउनेछ ।

७. (१) कुनै मानिसले दफा ४ बमोजिम थुप्पाई राखेको बढ्ता अन्न बिक्री गराउन नमानेमा अथवा सो अन्नको बिक्रीमा बाधा अथवा रोक टोक गरेमा १ वर्षसम्मको जेल सजाय अथवा रु. ५००। सम्म जरिबाना अथवा दुवै सजाय पाउनेछ ।

(२) बढ्ता थुप्पाएको अन्न बिक्री गराउन नमानेमा बाधा अथवा रोक टोक गरेमा बडाहाकिमले सो बढी अन्न बलात्कार पक्रन र आफ्नो अडरअनुसार बिक्री गराउन पाउनेछ ।

बढी अन्न मालधनीलाई नै दिईनेछ ।

८. यो कानूनबमोजिमको अख्तियारको काम गर्दा बडाहाकिम अथवा उनले खटाएका प्रमाणित मानिसहरुउपर अदालतमा मुद्दा अथवा कार्रवाई चल्नै छैन ।

इति संवत् २००८ साल आषाढ गते रोज शुभम्

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१ (क) अबउप्रान्त जन्मकैद भन्नाले बीसवर्ष कैद गर्ने। जेलमा असल चालचलन र राम्रो काम गरेमा त्यसबाट पनि बढीमा ५ पाँच वर्षसम्म कैद सजाय कट्टी गर्ने

(ख) २००८ साल वैशाख १ गतेसम्म २० बीस वर्ष कैद सजाय भोगिसकेका जन्म वा २० बीस वर्षभन्दा बढी कैद सजाय ठेकिएका कैदीहरूलाई तुरुन्त छाड्ने।

२ २००८ साल वैशाख १ गतेसम्म पन्द्र वर्ष कैद सजाय भोगिसकेका जेलमा असल चालचलन देखाएका जन्म वा २० बीस वर्ष भन्दा बढ्ता कैद सजाय ठेकिएका कैदीहरूलाई पनि तुरुन्त छाड्ने

३ २००८ साल बैशाख १ गतेसम्म आफ्नो सजायको आधा सजाय, भोगिसकेका २ दुई वर्ष वा सोभन्दा बढी कैद सजाय ठेकिएका ज्यानमारा डकैती र जबर्जस्ती करणी गर्नेबाहेकका कैदीहरूलाई जेलमा असल चालचलन देखाएको भए तुरुन्तै छाड्ने।

४ २००८ साल बैशाख १ गतेसम्म मुद्दा फैसला नभै २ दुई वर्ष वा सोभन्दा बढी थुनामा परिरहेका कैदीहरूको मुद्दा हेरी गृहमन्त्र्यालयको तजवीजले छाड्न योग्यलाई छोड्ने र छुटेकाको मुद्दा पनि तजवीजले खारेज गर्ने

५ भरमुलुकमा आधुनिक र प्रगतिशील तरीकाले जेलको बन्दोबस्त गर्ने त्यसो गर्न केही समय लाग्दछ, यस विषयको राम्रो जाँचबुझ नभएसम्मलाई देहायका अन्तरिम सुधारहरू तुरुन्त लागू गर्ने,

(क) जेलभित्रका कैदीहरूमध्ये (१) खतरनाक या हिंसात्मक कैदी (२) भाग्ने डर भएका कैदी (३) आत्महत्या गर्ने प्रयत्न गर्ने कैदीलाई बाहेक अरूलाई नेल हतकडी इत्यादि नलगाउने,

(ख) कैदीहरू "क" र "ख" दुई श्रेणीमा बाँड्ने शिक्षा या रहनसहनले ठूलो औकातमा बस्ने बानी परेकालाई "क" श्रेणीमा र बाँकी अरूलाई "ख" श्रेणीमा राख्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर मिचाहा बानी परेका पटके या अपराध गर्ने बानी प-
रेका या नैतिक पतन था निष्ठुरता याकडा या पूर्वआयोजित
हिंसाका दोषीहरू "क" श्रेणीमा नराख्ने

नेपाल सार्वजनिक सुरक्षा ऐन २००७ सालअनुसार मुकद्दमा
नचलाई नजरबन्द राखिएका कैदीहरूलाई साधारण तवरले "क"
श्रेणीमा राख्ने । तर मिचाहा बानी परेकालाई यस श्रेणीमा नराख्ने

(ग) जेलभित्र सरसफाइको बन्दोबस्त सुधार्ने हानिकारक कीरा नाश
गर्ने डी डी टी मट्टी तेल आदिको प्रयोगद्वारा चुन लगाउने नाल
ढल आदिको सफाइ बरु राम्रो गर्ने

(घ) खाने पानीको बन्दोवस्त सुधार्ने भरमुलुकका जेल हेर्दा हाललाइ
१० टीववेल र २० ईनार थप चाँहिने देखिएकोले सो बनाइदिने

(ङ) कैदीहरुको खाना सुधार्ने सरकारले क श्रेणीका कैदीलाइ खान
जनही एकदिनको पहाडतर्फलाई डेढ माना असल चाँमल र पचास पैसा,
तराइलाई तीनपाउ असल चाँवल र आठ आना, ख श्रेणीका
कैदीको खानामा पहाडलाइ जनही दिनको डेढमाना चाँवल र
सोन्ह पैसा, तराइलाइ तीन पाउ चाँवल र तीनआना खर्च दिने।

(च) हरेक कैदीले सुत्ने कोठामा खाना पकाउँदा फोहर अस्वास्थ्य-
कर हुने हुनाले छुट्टै ठाउँमा सामूहिक तवरले पकाउने प्रबन्ध गर्ने

(छ) कैदीहरूको औषधि र चिकित्साको राम्रो प्रबन्ध गर्ने

(ज) कैदीहरू बस्ने ठाउँमा बत्तीको राम्रो प्रबन्ध गर्ने

(झ) सबै कैदीहरूलाई देहायका सुविधाहरु दिने

।। "क" श्रेणीका कैदीहरुलाइ

(१) एक उत्तरदायी जेल अफिसरको रेखदेखमा
हप्ताको २ पटक आफ्ना मित्रहरु र नाताहरुसँग भेट
मुलाकात गर्न दिने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) हप्ताको २ चिठी पठाउन र निजलाइ आएका सबै चिठी लिन दिने

(३) सरकारले इजाजत दिएका अखबार र म्यागजीन किताबहरु आफ्ना मित्र तथा नातादारहरुबाट ल्याउन दिने

||| (ख) श्रेणीका कैदीहरुलाइ

(१) हप्ताको १ पटक उत्तरदायी जेलअफिसरको रेखदेखमा आफ्ना साथीहरु तथा नातादारहरुसँग भेट मुलाकात गर्न दिने

(२) हप्तामा १ चिठी पठाउने र २ चिठी लिन दिने

(३) सरकारले इजाजत दिएका अखबार र म्यागजीन किताबहरु आफ्ना मित्र तथा नातादारहरुबाट ल्याउन दिने

(६) ४ दफामा लेखिएको कुरालाई कैदीहरु कुन कुन मुद्दामा के कति दिनसम्म थुनिएकोहो सो सबै कुरा खुलाई रिपोर्ट पठाई दिने

(७) ५ दफाको ।३। को ।१ को ।२। र २ को २ मा लेखिएका चिठी पठाउने र लिने दिने बारेमा सो चिठी लिदा दिदा खुला गरी लिने दिने गर्नु

(८) ५ दफाको (घ) मा ट्यूबेल र इनार राख्ने लेखिएकोमा यो यो जिल्ला ठाउँमा राख्ने भन्ने माथिप निकासा मै आउनेछ

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना

वैशाख शुदि पूर्णिमाका दिन सदर मोफसलका सारा अड्डालाई बिदा हुने सवाल भएको छ

ज्यूडिसियल सेक्रेटरी गृहविभाग

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।